# आ.व. २०८१/०८२ मा बार्षिक रुपमा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमहरुको समिक्षा कार्यक्रमको प्रतिवेदन

आयोजक

**कोन्ज्योसोम गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चौघरे, ललितपुर**


**प्रतिवेदक**

चित्रदेव दहाल
योजना तथा अनुगमन शाखा


परिचय :

**कृषि, पर्यटन, सँस्कृति, वातावरण र पूर्वाधार : सुशासनयूक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार** भन्ने दिर्घकालिन सोच लिएर अगाडी बढेको कोन्ज्योसोम गाउँपालिकाले विकासका विभिन्न क्षेत्रहरु जस्तैः आर्थिक विकास, पूवाधार विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकास र वन, वातावरण तथा विपद व्यस्थापनका क्षेत्रमा अहिले सम्म गरेका कार्यहरुको लेखाजोखा तथा विभिन्न विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका गाउँपालिका मातहतका कार्यालयहरुले गत आ.व. २०८१/०८२ मा कार्यान्वयन गरेका योजना तथा कार्यक्रमको प्रगतिको समिक्षा गर्ने ध्येयले गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, ५ वटै वडाका वडाअध्यक्ष ज्यूहरु, कार्यपालिकाका अधिकांश सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखा/उपशाखा प्रमुख लगायतका अन्य कर्मचारीहरुको अर्थपूर्ण र सक्रिय सहभागितामा मिति २०८२ साल श्रावण २८, २९ र ३० गते बल्थली माउण्टेन रिसोर्ट, पनौती, काभ्रेपलाञ्चोकमा कार्यक्रम तय भएको थियो ।

उक्त कार्यक्रम राष्ट्रिय गान गाएर श्रावण २९ गते विहान ९ बजेबाट शुरु भएको थियो भने गाउँपालिका अध्यक्ष कृष्णमान लामाज्यूले पानसमा दिप प्रज्वलन गरेर उदघाटन गर्नु भएको थियो । सोही क्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गोपाल प्रसाद दुलालज्यूले कार्यक्रमको उद्देश्य माथि प्रष्ट पार्नु भएको थियो र शुभकामना मन्तब्य गाउँपालिका उपाध्यक्ष श्री राजन प्रसाद घिमिरेज्यूले राख्नु भएको थियो । कार्यक्रमा मुख्यत गाउँपालिकाका सबै शाखा उपशाखाहरुले आ-आफ्नु शाखा/उपशाखागत आ.ब. २०८१/०८२ को प्रगति प्रस्तुत गरेका थिए । सबै शाखा/उपशाखाहरुको प्रगति प्रतिवेदन पेश भए पश्चात श्रावण ३० गते ५ वटै वडाका वडा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, उपाध्यक्ष ज्यू र अध्यक्ष ज्यूले सम्बोधन गरेपश्चात सम्पन्न भएको थियो ।

**कार्यक्रम सञ्चालनको उद्देश्य :**

१. गत आ.व.को प्रारम्भ सम्म गाउँपालिकामा भएको बहुक्षेत्रीय विकासको अवस्था र आ.व. समाप्त भइसकेपश्चात विकासमा भएको प्रगतिको अवस्था पत्ता लगाई तुलनात्मक अध्ययन गर्नु
२. गाउँपालिका भित्रका विकासका विभिन्न क्षेत्रहरु जस्तै : आर्थिक, सामाजिक, पूर्वाधार, सुशासन तथा संस्थागत विकास, वन वातावरण तथा विपद व्यवस्थापन लगायतका क्षेत्रको विकासको गत आ.ब. को अन्त्य सम्ममा भएको विकासको अवस्थाको लेखाजोखा गर्नु,
३. गाउँपालिकाको विकासका अवसरहरु/क्षेत्रहरुको पहिचान गर्नु,
४. गाउँपालिकाको विकासका सन्दर्भमा देखिएका चुनौतीहरु तथा समस्याहरुको पहिचान गर्नु,
५. चुनौती तथा समस्या समाधानका लागि उपायहरुको खोजी गरी सुधारका प्रयासहरुको थालनी गर्नु ,
६. गाउँपालिकाको विकासका लागि गर्न सकिने नविनतम संभावनाका क्षेत्रहरुको खोजी गर्नु ।

७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका काम कर्तव्य पुरा गर्नु तथा अधिकारहरुको प्रयोग गर्दै गाउँपालिकाको नया गन्तब्य तय गर्ने र सोको प्राप्तीका लागि सामुहिक प्रतिबद्धता जाहेर गर्ने लगायतका विषयलाई समेट्नु ।

**कार्यक्रम सञ्चालन भएको विधि :**

शाखागत र वडागत प्रस्तुती पश्चात अन्तरक्रिया र अन्तमा समुहगत छलफल सम्पन्न गरी सुधारका पक्षहरु, कोन्ज्योसोम गाउँपालिकाको विकासका अवसर तथा चुनौतीहरुको पहिचान गर्ने र समस्याहरु तथा समस्या समाधानका विषयहरु पहिचान गरिएको थियो ।

**कार्यक्रम सञ्चालन भएको स्थान :** बल्थली माउण्टेन रिसोर्ट, पनौती, काभ्रेपलाञ्चोक ।

**कार्यक्रम सञ्चलान भएको मिति :** २०८२ साल श्रावण २८, २९ र ३० गते ।

**उपलब्धि :**

- गाउँपालिकाको हाल सम्मको विकासको अवस्थाको लेखाजोखा भएको ।
- विभिन्न विषयगत शाखा/उपशाखा, वडा कार्यालयहरु, कोन्ज्योसोम प्रज्ञा प्रतिष्ठान, कोन्ज्योसोम खेलकुद परिषद र वडा स्वास्थ्य चौकीहरु मार्फत भएका कार्यहरुको प्रगतिको अवस्थाको समिक्षा भएको ।
- गाउँपालिकाको विकासका अवसरहरु/क्षेत्रहरुको पहिचान भएको ।
- गाउँपालिकाका विकासका सन्दर्भमा देखिएका समस्या तथा चुनौती पहिचान भई समाधानका उपायहरुको खोजी भएको ।
- गाउँपालिकाका विकासका लागि गर्न सकिने नविनतम संभावनाका क्षेत्रहरुको खाजी गर्ने कार्यको थालनी भएको ।

**<u>समिक्षा कार्यक्रम मुख्य गरी देहायका पक्षहरुमा केन्द्रित रहेको थियो :</u>**

१. शाखा/उपशाखागत बार्षिक प्रगति
२. कोन्ज्योसोम गाउँपालिकाका सबल पक्षहरु
३. कोन्ज्योसोम गाउँपालिकाको विकासका अवसरहरु
४. कोन्ज्योसोम गाउँपालिकाको विकासमा रहेका मुख्य चुनौतीहरु

५. कोन्ज्योसोम गाउँपालिकाको विकासमा देखिएका मुख्य मुख्य समस्याहरु

६. कोन्ज्योसोम गाउँपालिकाको विकासमा देखिएका चुनौती तथा समस्या समाधानका उपायहरु

७. जनप्रतिनिधिज्यूहरुको टिप्पणी

८. बल्थली घोषणापत्र-२०८२

## १. शाखा/उपशाखागत प्रगति प्रतिवेदन

### १.१. सामाजिक विकास शाखा

**क. शिक्षा शाखाको प्रस्तुती :-**

असल अभ्यासहरु

- विषयगत समितिहरु गठन
- विद्यालय नर्सको सेवालाइ सबै विद्यालयमा पुर्याइएको
- नियमित बार्षिक शैक्षिक सुचना प्रकाशन
- शैक्षिक पात्रो विकास र कार्यान्वयन
- सूचनाको हक अन्तर्गत त्रैमासिकरुपमा स्वतः प्रकाशन सुरु गरिएको

समस्या र चुनौतीहरु

- बाल विकास सहजकर्ता समायोजन (मलेपले बेरुजु लेख्नु)
- स्रोत अभाव हुदा न्यूनतम कार्यक्रम कार्यान्वयन लैजान नसिकनु नियमित अनिवार्य दायित्वमा
- शिक्षक तथा कर्मचारीको नपुग हुनु
- माथिल्लो कक्षामा अध्यापन गर्ने शिक्षकहरुलाइ प्रोत्साहनमुलक कार्यक्रम नहुनु
- स्थानिय विषय अन्तर्गत तामाङ् भाषा अध्यापन गराउन शिक्षक अभाव हुनु
- तामाङ भाषाको लिपिका सन्दर्भमा रहिआएको अन्योलताले पाठ्यपुस्तक छपाइ र कार्यान्वयन मा लैजान अप्ठेयारो अवस्था सिर्जना हुनु
- विद्यालयका इलेक्टोनिक्स डिभाइसहरुको मर्मतमा स्रोत अभावका कारण समस्या रहदा प्रयोगमा ल्याउन नसिकनु
- बालबालिकाको सिकाइ प्रति अभिभावकबाट सहयोग विद्यालयले नपाउनु

- विद्यार्थीको सिकाइप्रति सम्बन्धित विषयशिक्षक र प्रधानाध्यापकलाइ जवाफदेही बनाउने पारदर्शि पद्धति नहुनु
- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घटदै जानु।विद्यालय समायोजन
- गाउँपालिकको तर्फको अन्तिम चौमासिकको कार्यक्रम कार्यान्वयनमा स्रोत अभावका कारण गर्न नसकिनु

## १.२. युवा तथा खेलकुद

उपलब्धीहरु

- स्थानीय स्तरमा रहेका फुटबल खेलाडीहरुको प्रतिभा उजागर भएको
- विद्यालय अध्ययन गरिरहेका बालबालिकाहरुलाई खेलको माध्यम शारिरिक तथा मानसिक रुपमा तन्दुरुष्ट पार्ने कार्य हुने
- बालबालिकाहरुमा प्रतिस्पर्दाको भावना कायम भएको
- खेलको माध्यमबाट बालबालिकाहरुमा अनुशासन कायम राख्न सहयोग पुगेको
- भलिबल, फुटबल/रिले तथा फिल्ड तथा ट्र्याकमा खेलिने खेलहरुका सिप विकास भएको ।

चुनौतीहरु

- परिषद्को कार्यालय व्यवस्थित रुपमा व्यवस्थापन गर्न नसकिएको ।
- परिषद्को लागि न्युन बजेट विनियोजन हुनु ।
- न्यून बजेट र कार्यक्रम हुँदा परिषदको पदाधिकारीहरुलाई सेवा सुविधा उपलब्ध गराउन नसकिएको ।
- परिषद्को लागि प्रर्याप्त मात्रामा कर्मचारीको व्यवस्थापन नभएको ।

## १.३. स्वास्थ्य शाखा

**समस्याहरु**

## १.४. पञ्जिकरण शाखा

सम्पादन गरेका कार्यहरु

- प्रत्येक वडा कार्यालयहरुमा घटना दर्ता सम्बन्धि अनुगमन,

- प्रत्येक वडा कार्यालयहरुबाट प्राप्त गुनासोहरुको संकलन गरी माथिल्लो निकायसँग समन्वय,
- प्रत्येक सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम EFT मार्फत पञ्जीकरण उपशाखा, ईलाका प्रहरी कार्यालय-कोन्ज्योसोम तथा बैंकको सहकार्यमा ५ वटै वडा कार्यालयहरुमा सामाजिक सुरक्षा भत्ता वितरण,
- VPN Connect मार्फत गाउँपालिका लगाएत प्रत्येक वडा कार्यालयहरुमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सुचना प्रणाली सञ्चालन,
- राष्ट्रिय परिचयपत्रमा रहेको बायोमेट्रिकमा आधारित भएर सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहीहरुको नविकरण गर्नको लागि Biometric Device प्रत्येक वडा कार्यलयहरुमा Device connect गरिएको,
- पहिला दर्ता गर्न छुट भएका सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहिहरुलाई लक्षित गरि प्रत्येक वडा कार्यालयहरुमा अफलाईन स्टेसनद्धारा राष्ट्रिय परिचयपत्र विवरण दर्ता शिविर सञ्चालन गरिएको,
- अनलाईन स्टेसनद्धारा गाउँपालिकामा राष्ट्रिय परिचय पत्र विवरण दर्ता गरिएको,
- राष्ट्रिय परिचय पत्र विवरण अभियान मार्फत सङ्कलन गरिएका राष्ट्रिय परिचयपत्र (कार्ड) वडा कार्यालयबाट नै वितरण कार्यक्रम गरिएको,
- राष्ट्रिय परिचयपत्र समन्धि आएका समस्याहरुको समाधान तथा सम्बन्धित निकायसँग समन्वय गरिदै आएको,
- Biometric Device को प्रयोगबाट सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र बमोजिम तथा NIN नम्बर नभएको लाभग्राहीहरुको सामान्य विधिबाट नै नविकरण गरिएको,
- कोन्ज्योसोम गाउँपालिका र खादवारी सेवा समाजको आयोजनामा पञ्जीकरण व्यवस्थापन, राष्ट्रियय परिचयपत्र र सामाजिक सुरक्षा सम्बन्धि क्षमता विकास तलिम सम्पन्न भएको,
- राष्ट्रिय परिचयपत्र नयाँ दर्ता सङ्ख्या ५००

चुनौतीहरु

- सामाजिक सुरक्षा भत्ता लिन लाभग्राहीले खाता खोल्न ढिलाई गर्ने गरेको
- लगत कट्टामा समयमा नहुने

## १.५. महिला तथा बालबालिका उपशाखा :

सम्पादन गरेका कामहरु

- गृहिणी महिला सशक्तिकरण कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको ३ वटा समुह गठन गरिएको
- कार्यपालिका मार्फत छनौट भएका ३ वटा वडामध्ये वडा नं. २ र ४ मा सीपमुलक कार्यक्रम संचालन भएको
- वडा नं. ४ मा ब्युटिसियन र अचार बनाउने तालिम अर्न्तगत व्युटिसियन तालिममा २० जना र अचार बनाउने तालिममा २८ जना सहभागी भएका
- वडा नं. २ मा अचार बनाउने तालिममा ३० जना सहभागी भएका

### १.६. कोन्ज्योसोम प्रज्ञा प्रतिष्ठान

**स्थापनाको उद्देश्यहरु**

- भाषा, साहित्य, कला संस्कृतिको विकास, अध्ययन र अनुसन्धान
- प्रकाशन, प्रचार र प्रवर्द्धन
- गाउँपालिकाको भाषिक साँस्कृतिक नीतिलाई कार्यान्वयन गर्ने
- अन्य प्रतिष्ठानहरुसँग साझेदारी र सहकार्य गर्ने

**सम्पादन गरेका कार्यहरु**

- प्राज्ञ परिषद्को बैठक
- गाउँपालिकास्तरीय कविता, कथा र निबन्ध प्रतियोगिता
- 'कोन्ज्योसोम प्रज्ञा दोस्रो अङ्क प्रकाशन
- मुखपत्र विमोचन र स्रष्टा सम्मान
- मनिषा लामाको कथासङ्ग्रह जन्मको सङ्घर्ष प्रकाशन
- प्रसिद्ध गायिका इन्दिरा गोलेलाई विशिष्ट सम्मान

## २. आर्थिक विकास समिति :

### २.१. कृषि उपशाखा

### २.२. पशु सेवा उपशाखा

अवसरहरु

- खेतिपाती तथा पशुपालनको लागि उर्वर ठाउँ रहेको ।
- नजिकमा बजार रहेको ।

- कृषि तथा पशुजन्य उत्पादन ढुवानीको लागि सहज रहेको।
- पशु उपचार तथा परामर्श सेवा प्रदान गर्न पशु स्वास्थ्य प्राविधिकको सहज पँहुच भएको ।
- ८०% भन्दा बढी जनसंख्या कृषि पेशामा आवद्ध भएको ।

समस्या र चुनौतीहरु

- नँया पिंढी कृषि पेशामा आकर्षित नभई विदेशिनु
- प्राविधिकलाई श्रोत साधनको अभाव
- नयाँ कर्मचारीहरुलाई सिप अभिवृद्धि तथा व्यवस्थापन अभाव ।
- संघीय सशर्त कार्यक्रमको कार्यविधि ढिला गरि प्राप्त ।
- समन्वयको अभाव ।
- केही वडाहरुमा कृषकहरुको रुचि तथा सहभागिताको कमि ।
- कृषक जनचेतनाको कमी ।
- संघ र प्रदेशमा बजेट ताकेतामा कमि ।
- जनप्रतिनिधीमा आर्थिक विकास मा भन्दा पनि भौतिक पुर्वाधारमा लगाभ बढी भएको ।
- संकुचित हिसावले बजेट विनियोजन।
- समूहहरु मार्फत सिमित व्यक्तिको पहुँच ।
- अनुदानको महत्तवको कमी ।
- कृषकमा व्यवसायक्ताको कमी ।
- पशु स्वास्थ्य प्राविधिकलाई जुनोटिक रोग सर्ने उच्च जोखिम रहेको।

समस्या समाधानका उपायहरु

- प्राविधिकलाई श्रोत साधनको उपलब्धता।
- नयाँ कर्मचारीहरुलाई सिप अभिवृद्धि तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।
- कृषकहरुको रुचि तथा सहभागिताको लागि पहल गर्ने
- कृषक जनचेतना गराउने ।
- संघ र प्रदेशमा बजेट ताकेतामा विशेष जोड गर्ने ।
- आर्थिक विकासको लागि कृषि तथा पशुपालनलाई विशेष प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने।
- ठूला किसान, मझौला र साना किसान गरी सबै किसानलाई समेट्ने गरी समावेशी कार्यक्रमको लागि बजेट विनियोजन तथा कार्यान्वयन गर्ने।
- कृषकमा व्यवसायिक पशुपालन सम्बन्धी तालिम सञ्चालन गर्ने ।

- पशु स्वास्थ्य प्राविधिकलाई गाउँपालिकाबाट बिमाको व्यवस्थापन तथा Pre exposer vannination को व्यवस्थापन गर्ने।

## २.३. रोजगार सेवा केन्द्र

सम्पादन गरेका मुख्य कामहरु

- "सीप सीकौं, रोजगार बनौं" कार्यक्रम
- रोजगार रणनीति तर्जुमा सम्बन्धी कार्यक्रम
- बेरोजगार व्यक्ति सूचिकरण
- प्रधानमन्त्री रोजगार कार्यक्रम
- युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना
- सहजिकरण, समन्वय र विविध क्रियाकलापहरु

मुख्य उपलब्धीहरु

- राष्ट्रिय सीप परिक्षण समिति (CTEVT/ NSTB) बाट सञ्चालित सीप परिक्षण परिक्षामा २ जना तह २ उतीर्ण हुन सफल हुनु,
- सीपमूलक तालिममा सहभागीमध्ये ४ जना प्रशिक्षार्थीहरु सम्बन्धीत क्षेत्रमा रोजगारीमा हुनु,
- गाउँपालिकाको त्रिवर्षीय रोजगार रणनीति (सन् २०२५- २०२७) तर्जुमा गर्नु,
- गाउँपालिकाको ४९ जना सूचिकृत बेरोजगारहरुले ८९ दिन (औषत) रोजगार प्राप्त गर्नु,

मुख्य चुनौतीहरु

- गाउँपालिकाबाट क्रियाकलापको लागि बजेट उपलब्ध नहुनु,
- अधिकांश कामका लागि पारिश्रमिक आयोजनाहरुको लागत १ लाख रुपियाँ भन्दा कम हुनु,
- श्रम तथा रोजगार सम्बन्धी विवरण संकलन गर्नु,
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना आ.व.२०८२/८३ मा सञ्चालन नहुनु,
- गाउँपालिकाको श्रमशक्तीलाई सीपसंग आवद्ध गर्नु,
- कामका लागि पारिश्रमिक आयोजनामा सम्बन्धित सबै श्रमिकको उपस्थिति गराउनु।

## २.४. गरिवसँग विशेश्वर कार्यक्रम

मुख्य कामहरु

- नियमित बैठकमा उपस्थित भएको ।
- बचत तथा ऋणको परिचालन गर्न सहयोग गरेको ।
- समुहको माग बमोजिमका कार्यक्रमहरु गरेको ।
- ऋण उत्पादनमुलक क्षेत्रमा लगाउनको लागि सदस्यहरुसँग अन्तरकृया तथा छलफल कार्यक्रम गरेको ।
- महिला हिंसा तथा घरेलु हिंसाको बारेमा छलफल गरेको

चुनौतिहरु

- समुहमा आवद्ध भएका सदस्यहरु लेख्न र पढ्न नसक्ने हुनु ।
- बजेट अभावले गर्दा समुहका सदस्यहरुको माग बमोजिमका कार्यक्रमहरु गर्न नसक्नु।
- बचतको मात्र भर पर्नु पर्दा माग बमोजिमको ऋण सदस्यलाई दिन नसक्नु ।
- समुह गर्दा बस्ने म्याट सुकुल केही पनि नहुनु ।
- कार्यक्रम गर्नको लागि थोरे मात्र बजेट मन्त्रालयले विनियोगन गर्नु।
- कार्यक्रमको स्पष्ट निति नहुनु र अलमल मात्र पार्नु ।
- सामाजिक परिचालकहरुलाई तालिम नहुनु ।
- मन्त्रालयले त्रैमासिक प्रतिवेदन माग गर्दा विउपुजिं कोषको विवरण माग गर्नु, हालसम्म पनि कुनै पनि विउपुजिं समुहहरुमा नहुनु ।

सुधारका लागि सुझाब

- सामाजिक परिचालकहरुलाइ तालिम व्यावस्था गर्नुपर्ने।
- योग्यता अनुसारको श्रेणीकायम गरि सेवा सुविधा थप गरिनुपर्ने।
- नमुना कार्यक्रमको लागि नयाँ ठाउँहरुको भ्रमण गराउनु पर्ने।
- सामाजिक परिचालकले गरेका कामको अनुगमन गर्नुपर्ने।
- गरिवसँग विश्वेश्वर कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानिय तहले पनि बजेट विनियोजन गर्नु पर्ने ।
- समयमा बजेट र कार्यक्रमको जानकारी दिनुपर्ने।

## २.५. लघु उद्यम विकास उपशाखा

उद्देश्यहरु

- उद्यमशीता विकास गर्नु।

- बेरोजगारी दर घटाउनु ।
- नागरिकको आर्थिक स्तरमा बृद्धि गर्नु ।
- साना तथा घरेलु उद्योगलाई प्रोत्साहन तथा विस्तार गर्नु ।

SWOT Analysis

सबल पक्षहरु

- उद्यमशीलता विकास गर्नको लागि आवश्यक उत्प्रेरणा, ब्यवसायिक ज्ञान तथा सिप भएका कर्मचारी ।
- क्षमता विकास तथा ब्यवसाय विस्तार कार्यक्रम सञ्चालन भएको ।
- साझा सुविधा केन्द्रको स्थापना गरिएको ।

कमजोर पक्षहरु

- निश्चित तालिम केन्द्रको अभाव
- तालिम सञ्चान गर्दा बैकल्पिक स्रोतको ब्यवस्था
- साझा सुविधा केन्द्र स्थापना गर्दा स्थान छनौट लाई ध्यान दिनु पर्ने

अवसरहरु

- बेरोजगारी ब्यक्तिहरुलाई रोजगारी तर्फ प्रोत्साहन तथा उत्प्रेरणा गर्ने
- स्थानिय उत्पादनलाई ब्यवसायिमुखी बनाउने ।
- थप पुनरताजगी तालिमबाट ब्यवसायी विकास गर्न प्रोत्साहन गर्ने ।

चुनौतीहरु

- भौगोलिक विकता
- सहभागिता सिप मुखी भन्दा भत्तामुखी भएको

## २.६. सहकारी उपशाखा

सम्पादित कार्यहरु

- चार वटा सहकारी संस्थालाई कोपोमिक्सको युजरनेम र पासवर्ड पठाएको ।
- चार वटा सहकारी संस्थाहरुमा साधारण सभामा सहभागि भएको ।

- सहकारी व्यावसाय प्रर्वद्धन तालिममा ७ दिन सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रमा सहभागि भएको ।
- उत्पादनमा आधारीत दुधमा प्रोत्साहन कार्यक्रम अन्तर्रगत दुग्ध सहकारीहरुको अनुगमन गरेको ।
- आत्मिय दुग्ध सहकारी संस्था दर्ता गरेको ।
- उत्पादनमा आधारीत दुधमा प्रोत्साहन कार्यक्रममा अन्तर्रगत दुग्ध सहकारीहरुको अनुगमन गरी दुध उत्पादन गर्ने कृषकहरु अनुदान पनि वितरण भईसकेको ।
- सहकारी सञ्जाल र विभिन्न उद्धेश्यका सहकारी बीच बागमती प्रोस्कुनको सहयोगमा १ दिने अन्तरकृया कार्यक्रम सञ्चालन गरेको ।

मुख्य चुनौतीहरु

- उद्योग तथा सहकारी व्यवस्थापन शाखामा छुट्याईएको बजेट विपत्तमा खर्च गर्नु परेकाले सहकारीमा तालिम हरु केहि पनि गर्न नसकिएको
- दोहोरो सदस्यले गर्दा ऋण असुलिमा समस्या भएको ।
- बचत फिर्ताका निवेदन हरु आएका तर संस्थाले सहकारीमा भएको रकम ऋणमा छ भनि बचत फिर्ता गर्न नसकेको ।
- सदस्यहरुमा वित्तिय साक्षरताको कमि हुनु ।
- नयाँ प्रविधिको ज्ञानमा ढिलाई हुनु ।
- सदस्यहरुको संलग्नता र सहभागितामा कमि।

३. लेखा समिति

३.१. आर्थिक प्रशासन शाखा

३.२. राजश्व प्रशासन शाखा

समस्याहरु

- राजश्व प्रशासन सम्बन्धी सबै आवश्यक ऐन, नियम तथा कार्यविधिहरूमा एकरुपता कायम नहुनु
- राजश्व प्रशासनका लागि सीप एवं क्षमताले युक्त कर्मचारी कमी हुनु
- राजश्व सम्बन्धी अभिलेख समेटिएको वस्तुगत विवरण नहुनु
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल गर्न नसकिएको
- राजस्व असुलीमा नेतृत्वको प्रतिवद्धता अनुसार कार्यान्वयन नहुनु

समस्या समाधानका उपायहरु

- गाउँपालिकाको संगठन संरचनामा राजश्व उपशाखा रहेको र अनलाईन मार्फत राजश्व सम्बन्धी संकलन र अभिलेख राख्ने कार्य भईरहेको छ जसको लागि स्रोत साधनयुक्त आवश्यक दक्ष कर्मचारी व्यवस्था गरी सुदृढ्ढ गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका धार्मिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखांकन, संरक्षण, प्रर्वद्धन र विकास गरी पर्यटकीय गन्तव्यको रुपमा विकसित गर्दै कर एवं राजश्वको स्रोतमा रुपान्तरण गराउन आवश्यक रहेको देखिन्छ ।
- गाउँपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरूको पहिचान गरी गाउँपालिकाको अधिनमा रहने प्रवन्ध मिलाई ती जग्गाहरूलाई विभिन्न ढङ्गले उपयोग गरी आयआर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- गाउँपालिका क्षेत्रमा रहेका धार्मीक तथा ऐतिहासिक स्थल, पार्क तथा पिकनिक स्थलहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि पर्यटन बोर्डसंग समन्वय गरी पर्यटकीय गुरुयोजना तयार पार्ने र यस कार्यलाई करको दायरामा ल्याउने।
- बजार व्यवसायीहरूसंग सहकार्य गरी व्यवसाय दर्ता गर्ने प्रकृया थालनी गर्ने र अन्य सरोकारवालासंग छलफल एवं सहकार्य गरी व्यवसाय कर सम्बन्धी आवश्यक थप कार्यविधि निर्माण गरी लागु गर्नुपर्ने।
- सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम प्रभावकारी ढंगले संचालन गरी कर चुहावटलाई न्यूनीकरण गर्नुपर्ने।

४. पूर्वाधार विकास शाखा

समस्याहरु

- उपभोक्ता समिति काम प्रति जवाफदेहि नहुनु
- साझेदारी कार्यक्रम तथा योजानाहरुको बजेट एकिन नभएकोले कार्यान्वनमा कठिनाई
- स्रोत र साधनको कमिले गर्दा पर्यवेक्षण (Supervision), तथा समयमा कार्यसम्पादन तथा भुक्तानी हुन नसक्नु,
- उपभोक्ता समितिहरुमा दक्ष जनशक्तिको अभाव तथा कामप्रति उतरदायी नदेखिनु,
- प्राबिधिकहरुमा स्रोत, साधन तथा मनोबल कमि
- प्राविधिकहरुलाइ क्षमता अभिबृद्धि कार्यक्रममा अवसर नहुनु
- ठुला तथा बहुवर्षिय आयोजनाहरुमा प्रयाप्त बजेट विनियोजित नहुनाले आयोजाना अलपत्र हुनु

समस्या समाधानका उपायहरु

- प्राविधिकहरुलाई दक्षता अभिबृद्धि कार्यक्रम तथा अनुभव साटासाटको व्यवस्था मिलाउने
- आवश्यकताको आधारमा उपभोक्ता समिति गठन गरी क्षमता अभिबृद्धि कार्यशाला प्रभावकारी बनाउने
- अनुगमन र सुपरिवेक्षण कार्यलाई नियमित, वस्तुनिष्ठ एवं प्रभावकारी बनाउने
- ठुला तथा बहुवर्षीय आयोजनाहरुको लागि माथिल्लो निकायहरुमा बजेटको लागि पहल कदमी गर्नुपर्ने

५. वन, वातावरण तथा विपद व्यवस्थापन

६. सुशासन तथा संस्थागत विकास

६.१. कर्मचारी प्रशासन शाखा

सम्पादन गर्ने कार्यहरु

- गाउँसभा/कार्यपालिका बैठक व्यवस्थापन सम्बन्धी कार्य
- बिभिन्न तालिम सम्बन्धी कार्य
- सार्वजनिक सुनुवाईको व्यवस्थापन
- सामाजिक परीक्षण कार्यक्रमको समन्वय तथा व्यवस्थापन
- तोकिएका बिभिन्न बैठकको व्यवस्थापकीय कार्यहरु
- कर्मचारी हाजिरी, विदा, रमाना, काज
- सेवा करार परीक्षा संचालन, करार सम्झौता र नियुक्ति
- पत्र व्यवहार, अभिलेख, का.स.मु.को कार्य
- सम्पत्ति विवरणको कार्य
- सम्पत्ति अभिलेख तथा व्यवस्थापन
- समन्वय तथा गुनासो व्यवस्थापन
- खरिद ईकाई वैठक तथा खरिद कार्य
- बैठक व्यवस्थापन
- कार्य सम्पादन सम्झौताको कार्य
- LISA र FRA सम्बन्धी कार्य

समस्या तथा चुनौतीहरु

- विभिन्न निकायबाट कर्मचारीहरु सरुवा/काज सरुवा भई आउने र जाने भई रहेको तर यसको निश्चित समय सीमा नभएको हुंदा अभिलेख व्यवस्थापन र तलव भत्ता व्यवस्थापनमा समस्या
- कर्मचारीहरुको विविधता व्यवस्थापनमा चुनौती
- प्रकृया र परिणाम वीच सामन्जस्यता कायम गर्ने चुनौती
- कर्मचारीलाई प्रोत्साहित गरी लक्षित प्रतिफल प्राप्त गर्न चुनौती (तर बिषम परिस्थिति जस्तैः- विपद्)

केही सबल पक्षहरु

- गा.पा. कार्यालय तथा मातहत कार्यालयहरुमा दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन भएको
- कर्मचारी संगठन संरचना सर्वेक्षण कार्य पास भई सोही मुताविक कर्मचारी खटनपटन कार्य सुरु भएको तर प्रदेश किताबखानामा पद दर्ता प्रक्रियामा रहेको
- कार्यालयका अधिकांश कार्यहरुमा सूचना प्रविधिलाई प्रयोगमा ल्याईएको
- शाखा प्रमुख तथा कर्मचारीहरुको नियमित वैठक संचालन भएको
- कार्यालय तथा मातहतका निकायमा कार्यरत कर्मचारीहरु वीच राम्रो सहकार्य र समन्वय हुने गरेको
- कार्य संचालन पात्रोको प्रकाशन गरी कामलाई समयनिष्ठ र नियमित गरिएको

६.२. जिन्सी व्यवस्थापन उपशाखा

मुख्य जिम्मेवारीहरु

- सार्वजनिक सम्पत्तिको अभिलेख
- सार्वजनिक सम्पति खरिद
- सार्वजनिक सामान खरिद
- सार्वजनिक सम्पतिको मर्मत संभार
- इन्धन आपूर्ति व्यवस्थापन
- खरिद ईकाई बैठक

कार्यहरु

- Software प्रणाली PAMS V2 को operating कार्य
- सम्पति प्राप्ती हस्तान्तरण तथा जिन्सी वितरण
- ईन्धन व्यवस्थापन (कुपन) र अभिलेख

- सम्पतिको मर्मत (आवेदन, आदेश  र अभिलेख)
- माग फाराम संकलन, सिफारिस खरिद आदेश दाखिला अभिलेख प्रतिवेदन

समस्याहरु

- भौगोलिक अवस्थितिको कारण समयमा सम्पति, जिन्सी प्राप्त गर्न र वितरणमा कठिनाई।
- कार्यालयमा पर्याप्त स्थान नहुँदा सम्पति तथा सामानहरु व्यवस्थित रुपमा स्टोर गर्न सकिएको छैन।
- जिन्सी व्यवस्थापन जटिल व्यवस्थापकीय कार्य भएकोले पर्याप्त ज्ञान सीपको अभाव।
- आई डी उपलब्ध भएको तर प्रयोगको कमि ।
- मर्मत सम्भारको लागि प्रयाप्त बजेट अभाव ।

समाधानका उपायहरु

- म.ले.नि.का ले स्थानीय तह जिन्सी व्यवस्थापनका समस्याहरु पहिचान गरी नीतिगत तथा कानुनी रुपमा सहजीकरण गर्नुपर्ने।
- मुख्य गोदाम पर्याप्त स्थान व्यवस्थापन गर्ने।
- सम्पति तथा जिन्सी सामान व्यवस्थापनमा आवश्यकतालाई प्राथमिकता दिने।
- शाखा वा व्यक्तिले प्रयोग गर्ने सम्पति तथा सामानको सुरक्षा एंवम् मितव्ययिता कायम गर्ने।
- सार्वजनिक सम्पतिको स्वामित्व लिए पछि अपनत्व कायम गर्ने।

अवसरहरु

- वदलिदो समयसंगै खाताबाट डाटामा गएकोले पारदर्शिता कायम गर्ने अवसर छ ।
- पर्याप्त मात्रामा IT परिचित जनशक्ति भएकोले System Operating मा सजिलै जान सक्ने अवसर छ ।
- जिम्मेवार तथा जवाफदेही प्रयोगकर्ता भएकाले पारदर्शिता उत्तरदायी जिम्मेवारीता कायम गर्ने अवसर छ ।
- आवश्यकताको पहिचान गरी साधन श्रोत सम्पन्न शाखा तथा कार्यालयहरु व्यवस्थापन गर्न सहज वातावरण छ ।
- सिमित श्रोत साधनको अधिकतम प्रयोग मार्फत सुशासन प्रर्वद्धन गर्न सहज छ ।

आगामी कार्यहरु

- प्रत्येक सम्पतिको फरक फरक ID बनाउने कार्य शुरु हुदैछ जसबाट सम्पतिको पहिचान स्पष्ट हुनेछ ।
- विगतमा अभिलेख गरिएका सम्पतिको ब्राण्ड मोडल लगायतको PAMs मा Entry को कार्य हुदैछ ।
- User बनाएर माग फाराम/मर्मत आवेदन/इन्धन आवेदन Systematic बनाउने कार्य भैरहेको छ ।
- भौतिक पुर्वाधार तथा अन्य सम्पती अध्यावधिक गर्ने।

**समिक्षा कार्यक्रमले पहिचान कोन्ज्योसोम गाउँपालिकाको विकासका अवसरहरु :-**

- दुरदृष्टी भएका, सशक्त र अनुभवी नेतृत्व हुनु
- युवा, उर्जाशिल र केही गरौं भन्ने हुटहुटी भएका वडाको नेतृत्व र कार्यपालिका सदस्यज्यूहरु हुनु
- तटस्थ, प्रतिवद्ध र उत्प्रेरित कर्मचारीतन्त्र हुनु
- कृषि र पर्यटनमा प्रचुर सम्भावना र भविश्य बोकेको कोन्ज्योसोम गाउँपालिका राजधानी नजिक रहनु

- समानान्तर रुपमा रहेका दक्षिण ललितपुरका लाइफलाइनका रुपमा रहेका विर्खेधार शंखु सडक र मध्यमार्गी सडक कालोपत्रे हुने कार्य द्रुत गतिमा हुनु ।

- उपत्यकालाई तराइसँग जोड्ने तथा नेपालको पूर्वी तराई जोड्न सुरक्षित हुन सक्ने र नेपाल सरकारले समेत प्राथमिकता दिएको लेले-भारदेउ-गोटीखेल-चन्दनपुर हुदै तराई जोड्ने सडक निर्माणको चरणमा रहनु ।

- निर्माण हुदै गरेका र निर्माणको अन्तिम चरणमा रहेका पर्यटन पूर्वाधारहरु (कोन्ज्योसोम प्रतिमा, शंखु छ्योर्देन, पाथिभरा प्रतिकृति मन्दिर, मनकामना मन्दिर, दलचोकी भ्यूटावर लगायत) हुनु ।

- खेलकुदको विकासका लागि काम्लेचौर खेल मैदान दुर्त गतिमा निर्माण भइरहको र ५ वटै वडाहरुमा खेलकुद पूर्वाधारहरु निर्माणको चरणमा रहनु ।

- १० शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न भएको र जसमा स्रोत व्यवस्थापन गर्न सके विशेषज्ञ सेवा प्रवाह गरी पालिका भित्रका नागरिकहरुको स्वास्थ्यमा सुधार गर्न सकिने अवस्था रहनु ।

**समिक्षा कार्यक्रमले पहिचान गरेका गाउँपालिकाले सबल/सुधारका पक्षहरु :**

- आ.व. २०८०/०८१ मा पनि यस गाउँपालिकाले गरेको सार्वजनिक खर्चको परीक्षणमा महालेखा परीक्षकको कार्यालयले वेरुजु शुन्य भएको अवस्था औल्याएको ।
- योजनाबद्ध विकासको सिलसिलालाई निरन्तरता दिन दोस्रो आवधिक योजनाको तर्जुमाको कार्य सम्पन्न भएको ।
- मध्यमकालिन खर्च संरचना तर्जुमा गाउँपालिकाको जनशक्तिले नै तयार गर्ने कार्यको शुरुवात गरिएको ।
- गाउँपालिकाको आफ्नै क्यलेण्डर तयार गरी समयबद्ध/योजनाबद्ध कार्यको थालनी गरिएको
- शिक्षा शाखाले आफ्नै क्यालेण्डेर तयार पारी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको ।
- कृषि क्षेत्रमा रैथानी बालीको संरक्षणका कार्यको थालनी तथा नेपालको पहिलो विउ बैंकको संरक्षणको कार्य भइरहेको ।
- प्रशासनिक संरचनामा सुधार : संगठन र व्यवस्थापन (O & M) सर्वेक्षण गरी विभिन्न शाखाहरुसँग कार्यविवरण सहित कार्यसम्पादन सम्झौता भई काम भइरहेको ।
- शैक्षिक सुधारका लागि ECEC तथा New Initiative लगायतका सँस्थाहरुसँग साझेदारी गरी विभिन्न शिक्षण सिकाई तथा व्यवस्थापकीय सुधारका कार्यहरु प्रारम्भ भएको ।

- महिला, युवा, बालबालिका तथा अपाङ्गताका क्षेत्रमा काम गर्न लुनिभा, पाटन सि.वि.आर., युवालय लगायतका सँस्थाहरुसँग साझेदारी गरी बाल विवाह न्यूनीकरण, अपाङ्गता भएका व्यक्तिहरुलाई जीविकोपार्जनका कार्यहरु सञ्चालनको थालनी भएको ।
- शासनका साझेदार संस्थाहरुको सहभागिता र उपस्थितिमा बार्षिक प्रगति समिक्षा कार्यक्रम सञ्चालनको थालनी भएको छ । यसले शासकीय सुधारमा थप प्रभावकारीता आउने देखिन्छ ।
- सार्वजनिक जवाफदेहिता तथा सुशासन अभिवृद्धि गर्न गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिदै सार्वजनिक परीक्षण लगायतका कार्यहरु गर्ने कार्य गरिएको ।
- वित्तिय क्षेत्रको सुधारका लागि पालिकालाई क्रमश आत्मनिर्भर बनाउदै लैजान आन्तरिक आयमा वृद्धिका लागि राजस्व परमार्श समितिको पहलमा राजस्वको दायरालाई विस्तार गरिएको तथा दहत्तर बहत्तरको लागि आय ठेक्का निकाल्ने प्रकृया अगाडि बढेको ।
- यस पालिका भित्र खेलकुद क्षेत्रको विकासका लागि स्वायत्त निकायको रुपमा खेलकुद परिषदको गठन भई विभिन्न खेलकुद कार्यक्रम सञ्चालन हुन थालेका छन ।
- पालिका स्तरका प्रतिभाहरुको प्रस्फुटन गर्न तथा भाषा, कला र साहित्यको संरक्षण तथा विकास गर्न स्वायत्त निकायको रुपमा कोन्ज्योसोम प्रज्ञा प्रतिष्ठानको गठन भई प्रतिभा प्रष्फूटन, सर्जक संरक्षण र सम्मानका कार्यको प्रारम्भ भएको छ ।
- स्वास्थ्य क्षेत्रको सुधारका लागि वडा समाजबादी कार्यक्रम मार्फत वडा निरोग कार्यक्रम अन्तर्गत गरिब, विपन्न जेष्ठ नागरिकहरुको स्वास्थ्य जाँच शिविर सञ्चालन गरिएको।
- मानव विकास सूचकाङ्कमा पछाडी परेको हाम्रो जस्तो पालिकामा प्रदेश सरकार र यस पालिकाको साझेदारीमा नमूना वडा समाजबादी कार्यक्रमको थालनी तथा गृहणी महिलाहरुको उद्यमशिलता विकासका लागि गृहणी महिला सशक्तिकरण कार्यक्रमको शुरुवात भएको छ ।
- संघिय सरकार, गाउँपालिका र जिल्ला समन्वय समिति ललितपुरको साझेदारीमा १० शैयाको शंखु आधारभूत अस्पताल निर्माण सम्पन्न भई चालु आ.ब. बाट सञ्चालनको क्रममा रहेको ।
- विपद पोर्टल मार्फत सबै विपदका विवरणहरु अध्यावधिक गर्ने कार्य भएको ।
- तामाङ्ग बाहुल्य यस क्षेत्रको संस्कृति संरक्षण तथा पर्यटन विकास मार्फत जीविकोपार्जनमा सहयोग पुर्याउन कोन्ज्योसोम प्रतिमा, शंखु छ्योर्देन पाथिभरा मन्दिर लगायतका क्षेत्रमा विशेष पर्वको अवसरमा मेला तथा पुजा पाठ गर्ने कार्यको थालनी गरिएको ।
- गत बर्ष २०८१ को असोज १०, ११ र १२ गते आएको अविरल/भारी बर्षाका कारण भएको विपत्तीको व्यस्थापनमा तीनै तहका सरकार, गै.स.स. लगायत अन्य निकायहरुको साझेदारी, सहकार्य र समन्वयमा विपद व्यवस्थापन गर्न गाउँपालिका धेरै हदसम्म सफल भएको/ जनजीवन सामान्य अवस्थामा आएको।

- गाउँपालिकाको पहलमा विपतबाट अवरुद्ध भएका सडकहरु तत्काल खुलाउन तथा क्षती भएका सडकहरु पुन निर्माण गर्न गाउँपालिका नेतृत्व सफल भएको ।
- ठोस्ने खोला तथा भारदेउ-नल्लु खोलालाई पुरानो अवस्थामा फर्काउन खोला गहिर्याउने कार्य भएको ।

**समिक्षाले पहिचान गरेका गाउँपालिकाका चुनौतीहरु :**

- पर्याप्त वित्तिय व्यवस्थापन (विशेष गरी आन्तरिक आय) गर्नु
- कर्मचारी व्यवस्थापन (पर्याप्त, दक्ष, सक्षम, उत्प्रेरित र उच्च मनोबल भएका कर्मचारी) गर्नु
- सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु/भएका सम्पत्तिको संरक्षण, मर्मत संभार तथा प्रयोग गर्नु
- संवैधानिक क्षेत्राधिकार भित्र रही थप नीति तथा कानूनहरुको तर्जुमा र भएका नीति तथा कानूनहरुको परीमार्जन गरी शासकीय गतिविधिलाई थप प्रभावकारी बनाउनु
- स्रोत र विकास व्यवस्थापनका लागि शासनका साझेदारहरु(Vertical & Horizontal) सँग प्रभावकारी साझेदारी र समन्वय गर्नु
- विगतका उपलब्धीहरुलाई बचाउदै र थप नया उपलब्धीहरु हासिल गर्दै जानु (शुन्य वेरुजुको निरन्तरता, LISA, FRA, Performance Based Index/NNRFC etc.)
- सेवा प्रवाहलाई पूर्ण प्रविधि मैत्री बनाई छिटो, छरितो, गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउनु
- शैक्षिक क्षेत्रमा सुधार गर्न पर्याप्त स्रोतको व्यवस्थापन तथा विद्यालयको सुधार (Reform)/Big School को अवधारणा कार्यान्वयनमा ल्याउनु ।
- बाल विवाहको अन्त्य गर्नु
- गुणस्तरीय पूर्वाधारको निर्माण तथा तीनको प्रभावकारी सञ्चालन गर्नु
- शहरउन्मुख वडाहरुमा योजनाबद्ध वस्ती विकास गर्नु /Smart Village को अवधारणालाई कार्यान्वयनमा ल्याउनु ।
- विगतमा निर्माण प्रारम्भ भई सम्पन्न हुन नसकेका पूर्वाधारका आयोजनाहरुलाई सम्पन्न गरी सञ्चालनमा ल्याउनु ( लिफ्टीङ्ग खानेपानी आयोजनाहरु)
- मुख्य सामाजिक समस्याको रुपमा रहेको बाल विवाहलाई अन्त्य गर्नु ।

**समिक्षा कार्यक्रमले गाउँपालिकाका चुनौतीको सामना तथा समस्या समाधानका गर्न सुझाएका उपायहरु :**

- ❖ गाउँपालिका भित्रका अवसरहरुको पूर्ण रुपमा उपयोग गर्ने ।
- ❖ विशेष गरी आन्तरिक आयको वृद्धिका लागि करको दायरा फराकिलो पार्ने र आन्तरिक श्रोत साधनको परिचालन गर्ने ।
- ❖ पर्याप्त, दक्ष, सक्षम, उत्प्रेरित गर्दै उच्च मनोबल साथ काम गर्ने वातावरण सृजना गर्ने ।
- ❖ सार्वजनिक सम्पत्तिको पहिचान, अभिलेखिकरण र सुरक्षित व्यवस्थापन तथा उपयोग गर्ने ।
- ❖ संवैधानिक क्षेत्राधिकार भित्र रही थप नीति तथा कानूनहरुको तर्जुमा र भएका नीति तथा कानूनहरुको परीमार्जन गरी शासकीय गतिविधिलाई थप प्रभावकारी बनाउने ।
- ❖ शासनका साझेदारहरु(Vertical & Horizontal) सँग प्रभावकारी साझेदारी र समन्वय गर्ने ।
- ❖ विगतका उपलब्धीहरुलाई बचाउदै र थप नया उपलब्धीहरु हासिल गर्दै जाने । (शुन्य वेरुजु लगायत)
- ❖ सेवा प्रवाहलाई पूर्ण प्रविधि मैत्री बनाई छिटो, छरितो, गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने
- ❖ शैक्षिक क्षेत्रमा सुधार गर्न पर्याप्त स्रोतको व्यवस्थापन गर्ने तथा विद्यालयको सुधार (Reform) का लागि अध्ययनका क्रममा रहेको BIG SCHOOL को अवधारणाको अध्ययन प्रतिवेदन यथासिघ्र प्राप्त गरी कार्यान्वयनमा जाने।
- ❖ बाल विवाहको अन्त्य गर्नका लागि नीति, रणनीति तयार गर्ने तथा शासनका साझेदारहरुसँग सहकार्य गर्ने ।
- ❖ गुणस्तरीय पूर्वाधारको निर्माण तथा तीनको प्रभावकारी सञ्चालन गर्ने ।
- ❖ शहरउन्मुख वडाहरुमा योजनाबद्ध वस्ती विकासको थालनी गर्न आवश्यक नीतिगत, संस्थागत तथा कार्यक्रमगत व्यवस्थाहरु गर्ने ।
- ❖ विगतमा निर्माण प्रारम्भ भई सम्पन्न हुन नसकेका पूर्वाधारका आयोजनाहरुलाई सम्पन्न गरी सञ्चालनमा ल्याउने ( लिफ्टीङ्ग खानेपानी आयोजनाहरु लगायत)

**<u>समिक्षाको अन्त्यमा वडा अध्यक्षज्यूहरु, उपाध्यक्षज्यू र अध्यक्षज्यूले गर्नु भएको टिप्पणीको सारांस :</u>**

**<u>सन्तलाल लामा : वडा नं. १ का वडाध्यक्ष</u>**

- ➢ समिक्षा अझै अन्तरक्रियात्मक बनाउनु पर्ने थियो ।

- विषयगत समिति र सम्बन्धित शाखाहरु बीचमा प्रभावकारी समन्वय गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्ने ।
- गाउँपालिका कार्यालय, वडा कार्यालय तथा अन्य मातहतका संस्थाहरुमा विद्युत आपूर्तीलाई प्रभावकारी बनाई सेवा प्रवाहलाई अझै चुस्त र दुरुस्त बनाईनु पर्ने ।
- कृषि शाखा मार्फत हुने कार्यक्रमहरुको कार्यान्वयनमा वडा कार्यालयहरुसँग समन्वय हुनु पर्ने ।
- पशु पक्षिहरुमा हुने निशुल्क औषधी वितरणको विवरण आवधिक रुपमा प्रकाशन गरिनुपर्ने ।
- भौतिक पूर्वाधारको विकासका लागि सबै वडाहरुमा सन्तुलित रुपमा बजेट विनियोजन गरिनुपर्ने ।
- स्रोतको उचित विनियोजन गरी लक्ष्यउन्मुख र उपलब्धीमुलक बनाउनुपर्ने ।
- गाउँपालिका भित्र भएका सम्पूर्ण खर्चहरुको सार्वजनिकरण गरिनुपर्ने ।
- कृषि र पर्यटन क्षेत्रको विकासको खाका तयार गरी कार्यान्वयन गरिनुपर्ने ।
- आवश्यक्ताका आधारमा योजना तथा कार्यक्रम तय गरी कार्यान्वयन गरिनुपर्ने ।
- विद्यालयका कम्प्यूटर तथा उपकरणहरुको मर्मतको व्यवस्थापन गरिनुपर्ने ।

**<u>रोहन घलान लामा : वडा नं. २ का वडाध्यक्ष</u>**

**<u>तिलक बहादुर भोम्जन : वडा नं. ३ का वडाध्यक्ष</u>**

- समिक्षा कार्यक्रम अन्तरक्रियात्मक हुनु पर्ने
- सेवा प्रवाहमा विद्युतका कारण समस्या भइरहेकाले त्यसको समाधानमा पहल कदमी गरिनुपर्ने
- वडा कार्यालयमा काम गर्ने गरी तोकिएका कर्मचारीहरु वडामा रहेने व्यवस्था गर्नुपर्ने
- बोलपत्र मार्फत कार्यान्वयन हुने आयोजनाहरुको बोलपत्र समयमा निस्कासन गरिनुपर्ने
- अधुरा रहेका तथा सञ्चालन हुन बाँकी रहेका खानेपानीका आयोजनाहरु सम्पन्न गर्ने तथा सञ्चालनमा ल्याने कार्यलाई प्राथमिकता दिनुपर्ने

**<u>विजय कुमार स्याङ्तान : वडा नं. ५ का वडाध्यक्ष</u>**

- योजनाबद्ध ढंगले पूर्वाधार निर्माणका कार्यहरु गरिनुपर्ने
- वडा तथा विद्यालयका कम्प्यूटर तथा अन्य उपकरणहरुको मर्मत संभारमा जोड दिइनुपर्ने
- खानेपानी पाइप वितरणलाई व्यवस्थित बनाइनुपर्ने ।

**तिर्थ बहादुर घलान : प्रवक्ता तथा वडा नं. ४ का वडाध्यक्ष**

**गोपाल प्रसाद दुलाल : प्रमुख प्रशासकीय अधिकृत**

- अन्तर गाउँपालिका समन्वय बैठक बस्ने कार्यको थालनी भएको ।
- करारका कर्मचारीलाई सामाजिक सुरक्षामा आवद्ध गर्न बजेट विनियोजन गरिएको ।
- कर्मचारीहरुलाई कार्यालयसम्म आवजावतमा सहजीकरण गर्न १४ सिटर माइक्रो बसको व्यवस्थापन गरिएको।
- २० लाख भन्दा माथिका आयोजनाहरुको अनिवार्य बोलपत्र मार्फत कार्यान्वयन गरिने ।
- दोस्रो आवधिक योजना तर्जुमा गरिएको ।
- कार्यालयकै जनशक्ति प्रयोग गरी मध्यमकालिन खर्च संरचना निर्माणको काम भएको
- परियोजना बैंकको अवधारणालाई यसै बर्षबाट कार्यान्वयन गरिने ।
- गाउँपालिकाको बार्षिक क्यालेण्डरका आधारमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिने
- सम्पन्न भएका तर सञ्चालन हुन बाँकी रहेका खानेपानी आयोजनाहरुको निर्माण व्यवसायी, उपभोक्ता समिति र अन्य सरोकारवालासँग समन्वय गरी भाद्रको दोस्रो साता भित्र सञ्चालनमा ल्याउने ।

**राजन प्रसाद घिमिरे : उपाध्यक्ष**

- बार्षिक समिक्षा कार्यक्रमलाई अझ व्यवस्थित तथा लक्ष्य तथा सूचक केन्द्रित बनाइनुपर्ने
- समावेशी विकासका लागि सबै शाखा/उपशाखा तथा विषयगत समितिहरु केन्द्रित हुनुपर्ने
- सन्तुलित विकासमा केन्द्रित हुनुपर्ने
- विस्तृत परियोजना प्रतिवेदन परमर्शदाताको मनखुशीका आधारमा नभइ गाउँपालिकाको आवश्यकताको आधारमा बन्नुपर्ने
- सबै शाखा तथा उपशाखाहरुले नागरिक प्रति उत्तरदायी तथा जवाफदेही भएर काम गर्नु पर्ने
- सेवा प्रदायक कर्मचारी/जनप्रतिनिधिले सेवा प्रवाह गर्दा तटस्थता र निष्पक्षतालाई आफ्नु मुल मन्त्र मान्नु पर्ने ।

**कृष्णमान लामा : अध्यक्ष गा.पा.**

- गाउँपालिकाले गरेका असल अभ्यास तथा सकारात्मक कुराहरुलाई प्रचार प्रसार गरौं ।

- गाउँपालिकाबाट भएका उपलब्धीहरुलाई लिपिबद्ध गरौं ।
- सिमित स्रोतको महत्तम उपयोग मार्फत नागरिकका असिमित आवश्यकताहरुलाई प्राथमिकता दिई सम्बोधन गर्दै लैजाउँ ।
- गाउँपालिका आफैमा सरकार हो तथापी स्वायत्त र स्वतन्त्र रुपमा काम गर्न नसक्दा अपेक्षित उपलब्धी हासिल गर्न नसकिएको अवस्था विद्यमान छ यसलाई चिर्न हामी पनि लागौं ।
- यथार्थ स्रोतको अनुमान गर्न नसक्दा गाउँपालिका गत बर्षको दायित्व सार्न बाध्य भएको छ यसले पनि चालु आ.ब.को विकास निर्माणमा धक्का लाग्ने अवस्था यसको सुधारमा हामी प्रतिबद्ध हौं ।
- गाउँपालिका भित्रका प्रत्येक शाखा/उपशाखाहरुले जनता/नागरिकका मन छुने कार्यक्रम ल्याउँ जसले नागरिक/जनतामा परिवर्तनको अनुभूती हुन सकोस ।
- सकारात्मक सोचका साथ गन्तब्य तय गरी अगाडी बढौं गन्तब्य धेरै टाढा छैन ।
- बसाई-सराई, सम्बन्ध विच्छेद तथा बाल विवाह जस्ता सामाजिक समस्याहरुको हातेमालो गरेर काधमा काध मिलाई समाधान गर्ने प्रतिवद्धता गरौं ।
- हाम्रै कार्यकालमा अनुकरणीय कामको थालनी गरौं/ परिवर्तन आफैंबाट शुरु गरौं ।

**निष्कर्श :-**

कोन्ज्योसोम गाउँपालिका क्षेत्रफलका हिसावले सानो र नेपालको राजधानीबाट २५ किलोमिटरको दूरीमा धेरै नजिक, कृषि र आन्तरिक पर्यटन लगायतका क्षेत्रमा धेरै सम्भावना भएको क्षेत्र भएता पनि आफ्नो आन्तरिक श्रोत अत्यन्तै न्यून हुनु, पक्की सडकको सञ्चाल सबै तीर विस्तार हुन नसक्नु, कृषिमा आधुनिकरण तथा व्यवसायिकरण हुन नसक्नु, पर्याप्त सिंचाइको व्यवस्था नहुनु, पर्याप्त पर्यटन पूर्वाधारको विकास तथा विस्तार हुन नसक्नु तथा यस क्षेत्रको प्रचार प्रसार हुन नसक्दा यस गाउँपालिकाको विकासमा अपेक्षाकृत सफलता प्राप्त हुन नसकिरहेको वर्तमान अवस्थामा आन्तरिक श्रोत वृद्धिमा पहल गर्ने, पक्की सडकको सञ्चाल सबै तीर विस्तार गर्ने, कृषिमा आधुनिकरण तथा व्यवसायिकरण गर्दै जाने , पर्याप्त सिंचाइको व्यवस्था गर्ने, पर्याप्त पर्यटन पूर्वाधारको विकास तथा विस्तार गर्ने र यस क्षेत्रको प्रचार प्रसार गर्न सके सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोम गाउँपालिका निर्माण गर्न सकिन्छ ।

कोन्ज्योसोम गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रगति समीक्षा कार्यक्रम २०८२ साल श्रावण २८, २९ र ३० गते यस गाउँपालिकाका अध्यक्ष श्री कृष्णमान लामाज्यूको अध्यक्षतामा बल्थली माउण्टेन भिलेज रिसोर्ट, पनौती, काभ्रेपलाञ्चोकमा देहायका पदाधिकारीहरुको उपस्थितिमा सम्पन्न भयो ।

| क्र. सं. | नाम थर | पद | दस्तखत ४/२८ | दस्तखत ४/२९ | दस्तखत ४/३० |
|---|---|---|---|---|---|
| १ | कृष्णमान लामा | अध्यक्ष | | | |
| २ | राजन प्रसाद घिमिरे | उपाध्यक्ष | | | |
| ३ | गोपाल प्रसाद दुलाल | प्र.प्र.अधिकृत | | | |
| ४ | तिर्थ बहादुर घलान | प्रवक्ता/अध्यक्ष वडा नं. ४ | | | |
| ५ | सन्तलाल लामा | अध्यक्ष वडा नं. १ | | | |
| ६ | रोहन घलान लामा | अध्यक्ष वडा नं. २ | | | |
| ७ | तिलक बहादुर भोम्जन | अध्यक्ष वडा नं. ३ | | | |
| ८ | विजय कुमार स्याङ्तान | अध्यक्ष वडा नं. ५ | | | |
| ९ | सानुमाया तामाङ | कार्यपालिका सदस्य | | | |
| १० | फूलमाया घ्यावा | कार्यपालिका सदस्य | | | |
| ११ | शान्ता नगरकोटी | कार्यपालिका सदस्य | | | |
| १२ | सपना मग्राती | कार्यपालिका सदस्य | | | |
| १३ | कविता नगरकोटी | कार्यपालिका सदस्य | | | |
| १४ | गंगा नगरकोटी | कार्यपालिका सदस्य | | | |
| १५ | विष्णु आचार्य | शिक्षा [illegible] | | | |
| १६ | सपना तामाङ | बाल कल्याण अधिकारी | | | |
| १७ | गरिमा विष्ट मगर | जे.स्वा.नि (हेल्थ) | | | |
| १८ | श्रवन कुमारी राजभण्डारी | सि.अ.न.मी.नि. | | | |
| १९ | वासुदेव जैसी | सि.अ.इ.अ. | | | |
| २० | रबिन घिमिरे | स.वि.नि. | | | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | नवल किशोर महतो | प्रि.अहेब.अ. | | | |
| २२ | प्रेम कुमार चौधरी | अ.स्वा.नि. | | | |
| २३ | विजयराम महर्जन | [illegible] | | | |
| २४ | नवराज घिमिरे | नि.प.हे.प्रा. | | | |
| २५ | राज कुमार लामा | सचिवालय | | | |
| २६ | आर्जिना छिरिङ | MIS अपरेटर | | | |
| २७ | काशी प्र. दहाल | अधिकृत प्रमुख | | | |
| २८ | राज कुमार घर्ती मगर | अधिकृत छैठौं | | | |
| २९ | पुष्पा दुर्गा राई | वडा सचिव ५ नं. वडा | | | |
| ३० | कुमारी लक्ष्मी खड्का | वडा सचिव, ३ नं. वडा | | | |
| ३१ | भवानी थापा क्षेत्री | वडा सचिव वडा नं. ४ | | | |
| ३२ | सल्लेशमान तोलान | वडासचिव-१ नं. | | | |
| ३३ | प्रेम लामा | ,, ,, - ९ नं. वडा | | | |
| ३४ | अनिल नगरकोटी | सब-इन्जिनियर | | | |
| ३५ | अशोक राना | सहायक इन्जिनियर | | | |
| ३६ | मीनु घिमिरे | सा० प० | | | |
| ३७ | तारा राम उपाध्याय | लै. अ. | | | |
| ३८ | मधुसुदन उपाध्याय | सि. लै. अ. | | | |
| ३९ | संजय लाल लामा | ना.प.स्वा.प्रा. | | | |
| ४० | मदन खडका | प.हे.प्रा. | | | |
| ४१ | मदन कुमार लामा | [illegible] | | | |
| ४२ | चित्रदेव दहाल | अधिकृत | | | |
| ४३ | जोगलाल मुक्तान | का. स | | | |
| ४४ | विष्णु वराले | स. लै. अ. | | | |
| ४५ | विष्णु सिजापती | अ. स. अ. | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | मान्दिरा श्रेष्ठ | क.शि.नि. | [signature] | [signature] | [signature] |
| ४७ | राज कुमार लामा | अध्यक्ष ज्युको स. स. | [signature] | [signature] | [signature] |
| ४८ | धौलित अधिकारी | अ.के | [signature] | [signature] | [signature] |
| ४९ | माधव घिमिरे | सु.प्र.अ. | [signature] | [signature] | [signature] |
| ५० | सुजन शुलन | ई.स. चा | [signature] | [signature] | [signature] |
| ५१ | विकास खितान | " | [signature] | [signature] | [signature] |
| ५२ | विक्रम स्याङतान | " | [signature] | [signature] | [signature] |
| ५३ | डुक्मान घलान | " | [signature] | [signature] | [signature] |
| ५४ | | | | | |
| ५५ | | | | | |
| ५६ | | | | | |
| ५७ | | | | | |
| ५८ | | | | | |
| ५९ | | | | | |

Scanned with CamScanner

केही तस्वीरहरुः


आयोजक
स्थानीय सरकार
ललितपुर




KELME


"कृषि, पर्यटन, संस्कृति, वातावरण र पूर्वाधार: सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"
कोन्ज्योसोम गाउँपालिका,ललितपुरको
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समीक्षा
कार्यक्रम
२८ देखी ३० गते सम्म
ललितपुर
BALTHALI
MOUNTAIN RESORT


कोन्ज्योसोम गाउँपालिका,ललितपुरको
वार्षिक प्रगति समीक्षा
BALTHALI
MOUNTAIN RESORT


कोन्ज्योसोम गाउँपालिका,ललितपुरको
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समीक्षा
आयोजक
कार्यक्रम
मिति: २०८२ साउन २८ देखी ३० गते सम्म
चौघरे, ललितपुर
MOUNTAIN RESORT




ZSL


"कृषि, पर्यटन, संस्कृति, वातावरण र पूर्वाधार: सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार"
कोन्ज्योसोम गाउँपालिका,ललितपुरको
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समीक्षा
कार्यक्रम
२०८२ साउन २८ देखी ३० गते सम्म
BALTHALI
MOUNTAIN RESORT


Panda




कोन्ज्योसोम गाउँपालिका,ललितपुरको
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समीक्षा
कार्यक्रम
आयोजक
BALTHALI
MOUNTAIN RESORT


Panda


Double A










कोन्ज्योसोम गाउँपालिका,ललितपुरका
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समीक्षा
आयोजक
स्थानीय सरकार
कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
कार्यक्रम
मिति: २०८२ साउन २८ देखी ३० गते सम्म
BALTHALI
MOUNTAIN RESORT


BALTHALI
MOUNTAIN RESORT
Phone.: 011-691191, 011-416075
Email: balthalimountain@gmail.com
Website: www.balthalimountain.com


कोन्ज्योसोम गाउँपालिका,ललितपुरको
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समी
२८ देखी ३० गते सम्म
कोन्ज्योसोम गाउँपालिका
२०८२/०८३






आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समीक्षा
आयोजक
स्थानीय सरकार
कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल
BALTHALI
MOUNTAIN RESORT


कोन्ज्योसोम गाउँपालिका,ललितपुरको
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समीक्षा
कार्यक्रम
मिति: २०८२ साउन २८ देखी ३० गते सम्म
आयोजक
स्थानीय सरकार
कोन्ज्योसोम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
बागमती प्रदेश, नेपाल


कोन्ज्योसोम गाउँपालिका,ललितपुरको
आ.व. २०८१/०८२ को
वार्षिक प्रगति समीक्षा
कार्यक्रम
मिति: २०८२ साउन २८ देखी ३० गते सम्म
आयोजक
BALTHALI
MOUNTAIN RESORT

